# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २७३ | काठमाडौं | बिहीबार, १९ माघ २०७९ | Prabhab National Daily | Thursday, February 2, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


कानुनविपरीत राष्ट्रपति निर्वाचनको मिति

## आयोगविरूद्ध सर्वोच्चमा रिट

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरिएको छ । कानुनविपरीत निर्वाचनको मिति तय गरेको उल्लेख गर्दै अधिवक्ता ज्ञानेन्द्रराज आरणले बुधबार रिट दायर गरेका हुन् ।

निवेदनमा निर्वाचन आयोगलाई विपक्षी बनाइएको छ । रिटमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको मिति घोषणा गर्दा कानुनको उल्लंघन भएको उल्लेख छ । रिट निवेदनमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐनको दफा ४ ले कार्यकाल सकिनुभन्दा एक महिनाअघि चुनाव गर्नुपर्ने व्यवस्था गरे पनि आयोगबाट त्यसको अवज्ञा भएको उल्लेख छ ।

आयोगले गत सोमबार आगामी फागुन २५ गते राष्ट्रपति र आगामी चैत ३ गते गर्ने उपराष्ट्रपतिका निर्वाचन गर्ने निर्णय गरेको थियो । आयोगको उक्त निर्णय 'राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन ऐन, २०७४' विपरीत रहेको छ । सरकारले भने आयोगले सिफारिस गरेअनुसार निर्वाचन मिति घोषणा गर्न बाँकी छ ।

> कानुनविपरीत निर्वाचनको मिति तय गरेको उल्लेख गर्दै अधिवक्ता ज्ञानेन्द्रराज आरणले दर्ता गरे रिट

आयोगले राष्ट्रपति तथा उपराष्ट्रपति ऐनको दफा ४ अनुसार ढिलोमा २९ माघसम्ममा मिति तोक्नुपर्ने हो । किनभने, २९ फागुनमा वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको दोस्रोपटकको पाँच वर्षे पदावधि सकिँदै छ । पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि नै निर्वाचन हुनेगरी निर्वाचनको मिति तोक्नुपर्ने सो ऐनको दफा ४ मा उल्लेख छ ।

उक्त दफामा भनिएको छ, 'आयोगले राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि वा अन्य कुनै कारणले सो पद रिक्त हुन आएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र निर्वाचन हुनेगरी निर्वाचनको मिति तोकी सोको जानकारी सरकारलाई दिनुपर्नेछ ।'

आयोगले भने सोमबार वर्तमान राष्ट्रपतिको पदावधि सकिनुभन्दा चार दिनअघि निर्वाचन गर्न मिति तोकेको हो । यहीनेर आयोगले ऐन मिचेको हो । यसरी पदावधि सकिनै लाग्दा मात्र निर्वाचनको मिति तोकिनुलाई कतिपयले भने शंकाको दृष्टिले हेरेका छन् । अर्कातिर आयोग स्वयं ऐन कार्यान्वयनमा गम्भीर नभएको भन्दै आलोचना भइरहेको छ । कतिपयले भने पहिलो चरणको निर्वाचनबाटै राष्ट्रपति निर्वाचित हुन नसके समय अभाव हुनसक्ने बताउँदै आएका छन् ।

'कानुनी प्रावधान जे छ, त्यसको कार्यान्वयनकर्ता आयोग हो । आयोग आफैंले पालना नगरे कसले गर्छ ?,' वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले प्रभावसँग भने, 'पहिलो चरणबाट राष्ट्रपति निर्वाचित भयो भने ठिकै छ, तर दोस्रो चरणबाट पनि निर्वाचित नभए तेस्रो चरणमा जानुपर्छ, अनि समय पुग्छ ?'

सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराले शुक्रबार यही २५ देखि २७ माघसम्ममा राष्ट्रपति निर्वाचन उपयुक्त हुने बताएका थिए । प्रतिनिधिसभाको प्रमुख विपक्षी दल नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पनि हालै विराटनगर पुगेर २८ माघसम्ममा राष्ट्रपति निर्वाचन हुँदा उपयुक्त हुने बताएका थिए । दुई नेताले राष्ट्रपति निर्वाचनका लागि भनेका मिति ऐनसम्मत देखिन्छ । आयोगले भने ऐन नै मिचेर निर्वाचन मितिलाई एक महिना पर धकेलिदिएको हो ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन ऐनको दफा ४ अनुसार निर्वाचन मिति नतोकिएको स्वीकारे । सोही ऐनकै ८, ९, ५८, ५९ र संविधानको धारा ६३ सम्मत राष्ट्रपति निर्वाचनको मिति तोकिएको उनले बताए ।

'ऐनको दफा ४ को आधारमा त राष्ट्रपतिको पदावधि सकिनुभन्दा एक महिनाअघि नै निर्वाचन हुनेगरी मिति तोक्नुपर्ने हो,' अर्यालले भने, 'यति हुँदाहुँदै सोही ऐनको दफा ८, ९, ५८ र ५९ सँगै संविधानको धारा ६३ लाई पनि हेर्नुपर्ने हुन्छ । यी दफा र संविधानको उक्त धाराको स्पिरिटअनुसार मिति तोकिएको हो ।' (**बाँकी पृष्ठ २ मा**)

# संसद्मा सत्तारुढ दलका सांसदहरूको जुहारी

> राप्रपाको आफ्नो विचार होला, त्यो दलले आफ्ना कुरा भन्न सक्छ, सांसदहरूले भन्न सक्छन्, तर मन्त्री भएर यसरी बोल्नु संविधानविपरीत हो ।
>
> ■ **रघुजी पन्त**
> नेकपा एमाले
>
> 'मन्त्रीहरूले संविधान र संविधानभन्दा बाहिर गएर गर्ने टिप्पणीहरू स्वीकार्य हुन सक्दैन । यस्ता गल्ती आगामी दिनमा नगरून् ।
>
> ■ **शक्ति बस्नेत**
> माओवादी केन्द्र
>
> हामी फेरि राजासहितको प्रजातन्त्र स्थापना गर्न आएका छौं । यो कुरालाई संविधानले रोक्दैन । हामीले यो बोल्न पाउनुपर्छ, बोल्छौं ।
>
> ■ **धवलशमशेर राणा**
> राप्रपा



■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय संसद्मा सत्तारुढ दलका सांसदहरूबीच नै जुहारी चलेको छ । बुधबार प्रतिनिधिसभा बैठकमा संघीयता, गणतन्त्र र धर्मनिपेरक्षताको विषयलाई लिएर उनीहरूबीच सवालजवाफ चलेको हो ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रका सांसदहरू संघीयता र गणतन्त्रको पक्षमा उभिँदा सरकारमै रहेको अर्को दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदहरूले राजतन्त्र र हिन्दू राष्ट्र पुनःस्थापनाको पक्षमा आफ्नो धारणा राखे । संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस भने यस विषयमा मौन रह्यो ।

फरक-फरक एजेण्डा लिएर चुनाव लडेका दलहरू सरकार गठनका लागि एक ठाउँमा आएका छन् । सत्ता स्वार्थमा मिले पनि आ-आफ्नो एजेण्डालाई लिएर दलहरूबीच टकराब देखिएको हो । टकराब हुनुको कारण राप्रपाका एक मन्त्रीले राजतन्त्र र हिन्दू राष्ट्र पुनःस्थापनाको पक्षमा दिएको अभिव्यक्ति हो । अघिल्लो साता कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ध्रुवबहादुर प्रधानले सञ्चारमाध्यममा दिएको एक अन्तर्वार्ताका क्रममा संघीयता र गणतन्त्र खारेज हुनसक्ने बताएका थिए । उनले संघीयता र गणतन्त्र संशोधन गर्न पाइने व्यवस्था संविधानमा रहेको बताएका थिए ।

मन्त्री प्रधानको अभिव्यक्तिलाई लिएर प्रधानमन्त्री पुष्पकमल दाहाल आक्रोशित भएका थिए । उनले मन्त्रीमण्डलमा बसेर संघीयताको विरुद्ध बोल्ने मन्त्रीमाथि स्पष्टीकरण लिने बताएका थिए । 'मेरै क्याबिनेटका एक जना मन्त्रीले नै संघीयता खारेज गर्नुपर्छ भनेको सुनें । मेरो ध्यानाकर्षण भएको छ,' माघ ९ गतेको राष्ट्रिय सभा बैठकमा दाहालले भने, 'मन्त्रीमण्डलभन्दा बाहिर गएर आफ्नो कुरा राख्ने अधिकार सबै राजनीतिक दल र माननीयहरूलाई हुन्छ तर मन्त्रीमण्डलभित्र बसेर संघीयता र लोकतान्त्रिक गणतन्त्रविरुद्ध बोल्ने अधिकार हुन सक्दैन ।'

बुधबारको प्रतिनिधिसभा बैठकमा नेकपा एमालेका सांसद रघुजी पन्तले पनि प्रधानमन्त्री दाहालकै जस्तो धारणा राखे । संसद्मै वा बाहिर आफ्ना राजनीतिक एजेण्डाबारे बोल्न पाइने तर संविधानअनुसार शपथ खाएर, राज्यको सेवासुविधामा रहेर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको बर्खिलाप बोल्नुलाई राजनीतिक बेइमानी हुने उनले चित्रण गरे । कुनै पनि पार्टीको सांसदले आफ्नो र पार्टीको विचार राख्न सक्ने तर मन्त्रीलाई त्यो छुट नहुने पन्तको भनाइ छ । 'राप्रपाको आफ्नो विचार होला, त्यो दलले आफ्ना कुरा भन्न सक्छ, सांसदहरूले भन्न सक्छन्, तर मन्त्री भएर यसरी बोल्नु संविधानविपरीत हो,' सांसद पन्तले भने ।

नेकपा माओवादी केन्द्रका सांसद शक्ति बस्नेत पनि पन्तको भनाइलाई समर्थन जनाए । उनले राप्रपाका मन्त्रीहरूलाई संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताबारे नबोल्न चेतावनीसमेत दिए । 'मन्त्रीहरूले संविधान र (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## 'फ्रि भिसा, फ्रि टिकट' कार्यान्वयन नभएकोप्रति चासो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा लागू गरिएको 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था कार्यान्वयन हुन नसकेको नभएकोप्रति चासो व्यक्त गरेको छ । जिफन्टले वैदेशिक रोजगारलाई श्रमिकमैत्री बनाउन सरकारले मलेसियालगायत खाडी मुलुकमा शून्य लागतमा श्रमिक लिनेगरी श्रम सम्झौता भए पनि कार्यान्वयन हुन नसकेको जनाएको हो ।



सोमबार राजधानीमा आयोजित न्यायोचित वैदेशिक रोजगारीका लागि श्रमिक पठाउने संस्थाहरू, ट्रेड युनियनहरू, सामाजिक संघसंस्थाको भूमिका तथा रिक्रुटमेन्ट एडभाइजरमार्फत गरिएको कामका विषयमा भएको छलफलमा सरकारले अवलम्बन गरेको नीतिको प्रभावकारी कार्यान्वयन नभएकोप्रति जिफन्टले चासो व्यक्त गरेको छ । जिफन्टले अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ (आइटियुसी) सँगको साझेदारीमा उक्त कार्यक्रम सन् २०१७ देखि सञ्चालन गर्दै आएको जनाएको छ । कार्यक्रममा जिफन्ट अध्यक्ष विनोद श्रेष्ठले एकातिर फ्रि भिसा, फ्रि टिकट भन्ने अर्कातिर श्रमिकसँग लाखौं रकम असुल्ने कार्य रोकिनुपर्ने बताए । 'हामीलाई वर्षमा दुई-चार जना श्रमिक पठाएर ढोक्सो थापेर बस्ने व्यवसायीहरूको खाँचो छैन,' उनले भने, 'वैदेशिक रोजगारलाई व्यवस्थित, मर्यादित र श्रमिकमैत्री बनाउन सम्पूर्ण निकायबीच सहकार्य जरुरी छ ।' श्रेष्ठले वैदेशिक रोजगारीमा शोषणको रूप फेरिएको भन्दै पछिल्लो समयमा विद्यार्थीका नाममा विदेश जानेहरू चर्को आर्थिक शोषणमा पर्ने गरेको बताए ।

दक्षिण एसियाली ट्रेड युनियन काउन्सिल (सार्टुक)का महासचिव लक्ष्मण बस्नेतले गन्तव्य मुलुकका रोजगारदाताहरूले श्रमिकको भर्ना शुल्क आफूले व्यहोर्दै आइरहेको बताए । नेपालका मेनपावर कम्पनीहरूले रोजगारदाताबाट सेवा शुल्क नपाएको भन्दै श्रमिकबाट रकम लिइरहनुलाई सरकारले गम्भीरतापूर्वक नियमन गर्नुपर्ने उनले बताए । श्रमिकले १० हजार शुल्क तिरेको रसिद मात्रै प्राप्त गर्ने गरेको भन्दै उनले व्यवहारमा डेढ-दुई लाख बुझाएको प्रमाणको अभावमा अन्तर्राष्ट्रिय मञ्चहरूमा आवाज उठाउन मुस्किल परेको बताए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ (नाफिया) का अध्यक्ष राजेन्द्र भण्डारीले म्यानपावर कम्पनीले प्राप्त गर्ने सेवा शुल्क र फ्रि भिसा, फ्रि टिकटको व्यवस्था अव्यावहारिक रहेको भन्दै पुनरवलोकन गर्नुपर्ने बताए । उनले श्रमिक पठाउने प्रक्रिया झण्झटिलो रहेको भन्दै वैदेशिक रोजगार ऐनको दफा १५ देखि १९ लाई संशोधन गर्नुपर्ने धारणा व्यक्त गरे ।

अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ)की परियोजना संयोजक नेहा चौधरीले श्रमिकको सूचना र न्यायमा पहुँच अभिवृद्धिका लागि ट्रेड युनियनहहरूसँग सहकार्य गर्दै आएको बताइन् । उनले व्यवसायीहरूको आचारसंहिता परिमार्जनका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग पनि सहकार्य गरिएको बताइन् । उनले वंगलादेशका श्रमिकले भर्ना प्रक्रियामा १७ महिनाको तलब बराबरको रकम तिर्नु परिरहेको अध्ययनले देखिएपछि नेपालमा पनि राष्ट्रिय तथ्यांक विभागसँगको सहकार्यमा आइएलओले अध्ययन सुरु गरेको जानकारी दिइन् ।

कार्यक्रममा रिक्रुटमेण्ट एडभाइजरका दक्षिण एसिया संयोजक सुनिल न्यौपानेले सन् २०१७ देखि सुरु भएको रिक्रुटमेण्ट एडभाइजरमा हालसम्म दुई हजार २४४ जना नेपाली श्रमिकले आफूले सेवा लिएको म्यानपावर कम्पनीको समीक्षा गरेको जानकारी दिए । उनले दक्षिण एसियामा बंगलादेश, श्रीलंकालगायतका मुलुकहरूमा उल्लिखित कार्यक्रम सञ्चालन गरिरहेको भन्दै गन्तव्य मुलुकहरूमा युरोपेली देशहरूलाई पनि समेट्न सुरु गरिएको जानकारी दिए ।

## हाया कार्डको अवधि एक वर्ष थपियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** कतार सरकारले फिफा विश्वकप-२०२२ को समयमा जारी गरेको 'हाया कार्ड'को अवधि एक वर्ष थप गरेको छ । कतार प्रवेशका लागि विदेशी नागरिकलाई दिइएको उक्त कार्डको अवधि एक वर्ष थप गरिएको त्यहाँको आन्तरिक मामिला मन्त्रालयले जानकारी दिएको छ ।

हाया कार्ड भनेको कतार सरकारले विश्वकपको सञ्चालनताका विदेशी नागरिकलाई सहजरूपमा कतार प्रवेशका लागि जारी गरेको भिसा वा अनुमतिपत्र हो । मन्त्रालयले मंगलबार एक सूचना जारी गर्दै कतारमा भएको विश्वकप सञ्चालन अवधिभरका लागि जारी गरिएको हाया कार्डको अवधि २४ जनवरी २०२४ सम्म थप भएको उल्लेख गरेको छ । अर्थात् हाया कार्डवाहक नेपालीले २०८० सालको माघ १० गतेसम्म कतार प्रवेशमा वैधता पाउने छन् ।

कार्डवाहकलाई थप अवधिभर जतिपटक कतार जाँदा र फर्कंदा कुनै शुल्क नलाग्ने जनाइएको छ । यसका साथै हाया कार्डको प्रयोगबाट स्टेट पोर्टमार्फतसमेत आवतजावत गर्न सकिने उल्लेख छ । हाया कार्ड हुनेहरूको राहदानीको समयावधि तीन महिनाभन्दा बढीको हुनुपर्ने सर्त राखिएको छ भने कतार बस्दासम्मका लागि जीवन बिमा गरेको हुनुपर्नेछ ।

कतार प्रवेशका लागि 'हाया पोर्टल'बाट स्वीकृति प्रदान गरिएको होटल बुकिङ गर्नुपर्नेछ । स्वदेश फर्किने टिकट पनि अनिवार्य पेस गर्नुपर्नेछ । यदि आफन्त वा साथीभाइसँग बस्ने भए त्यस्तो विवरणसमेत उल्लेख गर्नुपर्नेछ । कतारको बसोबास अनुमति (अकामा) भएका व्यक्तिले भने 'हाया विथ मी' अन्तर्गत तीन जनासम्म आफन्त वा साथीलाई बोलाउन सक्ने प्रावधान राखिएको छ । उल्लिखित सर्तहरू फिफा विश्वकपमा सहभागी सबै हाया कार्डवाहकहरूका लागि लागू हुने त्यहाँको मन्त्रालयले जनाएको छ ।




# कीर्तिपुर अस्पताललाई जापान सरकारको सहयोग

■ **प्रभाव संवाददाता**

**कीर्तिपुर–** जापान सरकारले कीर्तिपुर स्थित आँखा अस्पताललाई करिब एक करोड ८३ लाख रूपैयाँ बराबरको स्वास्थ्य उपकरण प्रदान गरेको छ । जापान सरकारको 'ग्रान्ट असिस्टेन्स् फर ग्रासरुट प्रोजेक्ट'अन्तर्गत उक्त सहयोग प्रदान गरिएको हो ।

नेपालका लागि जापानी राजदूत किकुता युताकाले बुधबार कीर्तिपुरस्थित सो अस्पतालपरिसरमा आयोजित कार्यक्रममा ती सामग्री हस्तान्तरण गरे । हस्तान्तरण गरिएका सामग्री रेटिना परीक्षणयन्त्रलगायतका आँखा उपचारमा प्रयोग गरिनेछ ।

सो अवसरमा राजदूत युताकाले हस्तान्तरित सामग्रीले आँखाको रोग छिटो र प्रभावकारी रूपले पत्ता लगाउन सहयोग पुग्ने आशा व्यक्त गरे । परिवर्तित जीवनशैलीका कारण मधुमेहजन्य आँखाको समस्या धेरै मानिसमा देखिएको सन्दर्भमा त्यसको सही निदान र उपचारको खाँचो रहेको उनको भनाइ थियो ।

नेपाल नेत्रज्योति संघले २०७२ सालमा स्थापना गरेको यस अस्पताल २०७४ मा कीर्तिपुर आँखा उपचार केन्द्रका रूपमा स्तरोन्नति भएको थियो । अस्पतालले हालसम्म सात हजार जनाको आँखाको शल्यक्रिया गरिसकेको छ । साथै अस्पतालले दक्षिणकाली र चन्द्रागिरिलगायत चारवटा स्थानमा आँखा उपचार केन्द्र पनि स्थापना गरेको छ ।

## संसद्मा सत्तारुढ...

पृष्ठ १ बाट जारी

संविधानभन्दा बाहिर गएर गर्ने टिप्पणीहरू स्वीकार्य हुन सक्दैन । यस्ता गल्ती आगामी दिनमा नगरून्,' सांसद बस्नेतले भने । उनले संसद् र सडकमा बहस हुनसक्ने तर क्याबिनेटमा बसेर संविधानको मर्मविपरीत बोल्न नमिल्ने बताए ।

जनता समाजवादी पार्टी (जसपा)का सांसद राजकिशोर यादवले पनि एमाले सांसद पन्त र माओवादी सांसद बस्नेतको भनाइमा साथ दिए । उनले राप्रपाका मन्त्रीहरूमाथि प्रश्नसमेत उठाए । 'प्रधानमन्त्रीले स्पष्टीकरण सोध्छु भन्नुभएको थियो । त्यो स्पष्टीकरण के भयो म जानकारी माग गर्न चाहन्छु,' सांसद यादवले भने ।

राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाही र सांसद धवलशमशेर जबराले भने आफ्ना पार्टीका मन्त्री प्रधानको बचाऊ गर । उनीहरूले मन्त्रीले आफ्नो पार्टीको एजेण्डाबारे बोल्न पाउने जिकिर गरे । आफ्नो एजेण्डामा बोल्दा स्पष्टीकरण लिएर निषेध गर्ने काम नगर्न पनि उनीहरूले चेतावनी दिए ।

सांसद शाहीले 'माता सीता नेपालकी छोरी भएको, ३३ कोटी देवता नेपालकै भएको, विश्वको प्रसिद्ध ग्रन्थ वेद नेपालको' भएको उल्लेख गर्दै कोही नास्तिक नहुने जिकिर गरे । राप्रपाकै सांसद धवलशमशेर राणाले संविधानभित्रै रहेर राजासहितको प्रजातन्त्र पुनःस्थापना गर्ने आफूहरूको नीति रहेको बताए । 'हामी फेरि राजासहितको प्रजातन्त्र स्थापना गर्न आएका छौं । यो कुरालाई संविधानले रोक्दैन । हामीले यो बोल्न पाउनुपर्छ, बोल्छौं,' उनले भने । संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताबारे बोल्न निषेध गर्न खोजेकोप्रति उनले आपत्ति जनाए । 'हामी संविधान र व्यवस्था मान्छौं । यही संविधानभित्र बसेर हामीले बोकेको मूल्य र मान्यता स्थापित गर्छौं,' सांसद राणाले भने, 'हामीलाई हेप्ने काम, होच्याउने काम यो सदनमा आइन्दा नहोस् ।'

यसअघि राप्रपाका एक जना प्रवक्ता सगुनसुन्दर लावतीले आफ्ना दलका मन्त्री प्रधानलाई प्रधानमन्त्रीले स्पष्टीकरण लिए सरकारबाट पार्टीका सबै मन्त्रीहरूलाई फिर्ता बोलाउन सकिने बताएका थिए । 'हाम्रो एजेण्डै राजतन्त्र र हिन्दू राष्ट्र छ,' उनले एक साताअघि प्रभावसँग भनेका थिए, 'हामीले हाम्रो एजेण्डा सरकारमा गएपछि त्याग्ने भनेका छैनौं । उठाउँछौं । उठाउँदा हाम्रा मन्त्रीलाई स्पष्टीकरण लिए सरकारमा रहँदैनौं । अझ संसद्मा खरोगरी हाम्रा एजेण्डाहरूलाई उठाउँछौं ।'

३ असोज २०७२ मा संविधानसभाबाट जारी संविधानको प्रस्तावनामै देश 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक' भनिएको छ । संविधानको धारा ७६ को उपधारा (२) अनुसार दाहाल नेतृत्वमा मन्त्रिपरिषद् गठन भएको हो । सोही मन्त्रिपरिषद्कै एक जना सदस्य प्रधानले भने संविधानमै संस्थागत भएको संघीयता र लोकतान्त्रिक गणतन्त्रविरुद्ध अभिव्यक्ति दिँदै आएका हुन् । सोही अभिव्यक्तिलाई लिएर बुधबार प्रतिनिधिसभामा सत्तारुढ दलका सांसदहरूबीच जुहारी चलेको हो ।

## आयोगविरुद्ध...

पृष्ठ १ बाट जारी

अर्यालले राष्ट्रपति निर्वाचनसम्बन्धी कानुन र ऐन बाझिएकोसमेत बताए । सोही कारण राष्ट्रपति निर्वाचनको मितिबारे प्रश्न उठेको उनले बताए । ऐनको संशोधन आवश्यक रहेको उनको भनाइ छ ।

'ऐन संशोधन आवश्यक छ । यसबारे सत्तापक्ष र विपक्षका माननीय सदस्यहरूले संसद्मै बोल्नुभएको छ । छिट्टै संशोधन होला,' अर्यालले भने । उनका अनुसार यदि २५ फागुनमा पहिलो चरणको निर्वाचनबाट राष्ट्रपति निर्वाचित नभए दोस्रो चरणको निर्वाचन २६ फागुन र तेस्रो चरणको निर्वाचन २७ फागुनमा हुनेछ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PANDA HYPERMARKET WLL

पूर्व स्वीकृति मिति २०७९/१०/१७ LT. No. 280195 चलानी नं. ६०१८०१६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 0 | 1400 | ५०३३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालयमा काठमाडौंमा जेठ २६ गते (9th Feb 2023)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

FOUR STAR OVERSEAS EMPLOYMENT SERVICE PVT. LTD.
श्रम ईजाजत नं. ४२०/०६०/६१
Samakhusi-29 Kathmandu, Nepal.
Tel: 01-4986653, 4986396 ,9851017238, 9851039202
Email: 4starover09@gmail.com, Website: www.4staroverseas.com



## कतारमा रोजगार

1. ARAB UNITED CONSTRUCTION W.L.L., DOHA पुनः विज्ञापन

पूर्व स्विकृति मिति: २०७८।१०।२० चलानी नं. ६०१७३८८८ LT No. 257180

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician | 1 | काममा दक्ष | 1100 | 39620 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labourer | 10 | | 1000 | 36018 | | | | | | | |

2. ARAB UNITED CONSTRUCTION WLL, DOHA, QATAR पुनः विज्ञापन

पूर्व स्विकृति मिति: २०७८।०३।०६ चलानी नं. ६०१५८८७२ LT No. 241122

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric | 1 | काममा दक्ष | 1100 | 39620 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 4 | | 1700 | 61230 | | | | | | | |
| 3 | Foreman | 5 | | 2500 | 90045 | | | | | | | |
| 4 | Mason | 9 | | 1100 | 39620 | | | | | | | |
| 5 | Reinforc Fitter | 3 | | 1100 | 39620 | | | | | | | |
| 6 | Labourer | 18 | | 1000 | 36018 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७९ माघ २६ गते (9 February 2023) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

लागत खर्च: नि:शुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१०/१९

यस कम्पनीको मिति २०७९/०८/२९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **काईनो इमरजिङ्ग मार्केटस यूएसए लिमिटेड (प्रा.लि. नं. १८२१४२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **डिटि ग्लोबल इन्टरनेशनल डेभलपमेन्ट यूएसए प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ९१७/०६७/६८ यस **AAKRITI RECRUITING PVT.LTD.** मा कार्यरत तपशील पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी तपशील मितीमा राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी बिरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| क्र.सं. | नाम थर | पद | राजीनामा दिएको मिति |
|---|---|---|---|
| १ | अमरलाल मुखिया | बजार व्यवस्थापक | २०७९ मंसिर २ गते |
| २ | खिलराज गुर्माछान | जनसम्पर्क अधिकृत | २०७९ मंसिर २ गते |
| ३ | सन्दिप लामा | जनसम्पर्क अधिकृत | २०७९ मंसिर २ गते |

Aakriti Recruiting Pvt. Ltd.
Sinamangal Road (Near Hope Hospital), Kathmandu, Nepal, Tel.: +977-1-4110811, 4110826,


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALCON EYE SECURITY SERVICES

पुर्व स्वीकृति मिति २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१८ LT. No. 277660 चलानी नं.६०१९३२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 6 | 0 | 1500 | ५४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOLDEN EAGLE SECURITY

पुर्व स्वीकृति मिति २०७९/१०/१८ LT. No. 280388 चलानी नं.६०१९५८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 23 | 0 | 1500 | ५४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २६ गते (9th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np


Lumbini Provincial Government
Ministry of Physical Infrastructure Development
Transportation Infrastructure Directorate
**Road Infrastructure Development Office**
Rupandehi

## Invitation for Bids

*IFB No:-15/RIDORUP/079-80*
Date of Publication: February 2, 2023 (2079-10-19)

1. Road Infrastructure Development Office, Rupandehi invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure.

| S. N. | Road Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Estimated Amount (excluding VAT) | Bid Validity Period | Bid Security Amount (NRs) | Bid Security Validity Period (days) |
|---|---|---|---|---|---|---|---|
| 1 | Siyari Ring Road Upgrading, Siyari | RIDORUP/RUP/354/NCB/079-80/122 | 3000 | 1,367,977.13 | June 3, 2023 | 39,500 | July 3, 2023 July 3, 2023 |
| 2 | Nawajyoti Pathko Duiota Kuloko Bichma Purbatarfa Share Marga Kalopatre Butwal -13 Belbas , Bindabasini Pathko Bhawana Hotel Chowk Dekhi Nawajyoti Pathko Dandapani Khanalko Ghar Agadiko Chowk Samma sadak Staronnati Butwal 13 Belbas and Nawajyoti Path Belbas Yatayat Adharbhut Pahunch Marga | RIDORUP/RUP/134/NCB/079-80/132 | 3000 | 2,375,132.04 | June 3, 2023 | 60,000 | July 3, 2023 |
| 3 | (i) Ramawapur School Dekhi Kerabari Jodne Sadak (ii) Hada Pul dekhi khola Jane Sadak, Sunwal 4 , Nawalparasi | RIDORUP/NAW/134/NCB/079-80/138 | 3000 | 1,282,523.17 | June 3, 2023 | 33,000 | July 3, 2023 |
| 4 | Blearily Hariyali Tole Bikash Sanstha ( Sector Cha) Kalopatre Nirman Butwal 14, Rupandehi | RIDORUP/RUP/354/NCB/079-80/167 | 5000 | | June 3, 2023 | 1,050,000 | July 3, 2023 |
| 5 | i) Bardaghat -14 Basyal Ko ghar hudai ward 13 Jane bhitri Sadak ,ii) Bardaghat -14 Narwada Chaudhary Ko ghar hudai ward 13 Rajendra Chaudhary Ko ghar Jane bhitri Sadak, iii) Buddhabasti Baburam Acharya Ko ghar bata purba Jane Bhitri Sadak, bardaghat -14,iv) Pratappur -2 dekhi Bardaghat 13 jodne Sadak ( Gopigunj Pachhadi Omshanti Chauk Dekhi Krishna sir Ko Boarding school Pachhadi), Nawalparasi . | RIDORUP/NAW/134/NCB/079-80/168 | 3000 | 2,565,371.14 | June 3, 2023 | 65,000 | July 3, 2023 |
| 6 | Dashinko Simarwati Shetra-Adharbhut Bikaslay Prathmiktama Rakher Dishan -Uttar Purwadhar Nirman (Gonaha-Trilokpur-Bharat Boarder Road, Rupandehi ) | RIDORUP/RUP/354/NCB/079-80/169 | 3000 | 8,330,692.65 | June 3, 2023 | 210,000 | July 3, 2023 |

2. Requirement for the Blearily Hariyali Tole Bikash Sanstha (Sector Cha) Kalopatre Nirman Butwal 14, Rupandehi Contract I.D. RIDORUP/RUP/354/NCB/079-80/167

| Average Annual Construction Turnover | Contract of Similar Size and Nature | Financial Resources | Key Activities |
|---|---|---|---|
| Minimum average annual construction turnover of NRs 62,500,000.00 | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract within the last ten (10) years, with a value of at least NRs 17,500,000.00 | At least NRs. 20,000,000.00 | Production Rate of 560.00 Cubic Meter of Asphalt Concrete Per Year |

3. Submission and Opening:

| Submission of Bid Date | Submission of Bid Time | Opening of Bid Date | Opening of Bid Time | |
|---|---|---|---|---|
| March 5, 2023 (2079/11/21) | 12:00 hrs | March 5, 2023 (2079/11/21) | 13:00 hrs | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

4. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Butwal Rupandehi | Rastriya Banijya Bank | Butwal Branch | 1000200010000 (Rajaswa) | Office code : 3370148025, Road Infrastructure Development Office, Rupandehi Revenue Heading no: 14229 |

5. Pre-bid meeting shall be held at the office on February 23, 2023 (2079/11/11 at 11:00 AM
6. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

# ‘सुशासन कायम गर्न सूचनाको हकको प्रत्याभूति अनिवार्य’

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले समाजमा सुशासन प्रत्याभूतिका लागि सूचनाको हकको प्रवर्द्धन अपरिहार्य रहेको बताएका छन् । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन बुझ्दै उनले सो कुरा बताएका हुन् । सूचनाको हकको प्रवर्द्धनले विकासको नयाँ वातावरण बन्ने उनको भनाइ छ ।

‘जति धेरै सूचना सम्प्रेषण तथा सूचनाको हकको प्रत्याभूत हुन सक्यो त्यति धेरै सुशासन कायम हुन्छ । त्यसले विकासको एउटा नयाँ वातावरण बन्छ,’ उनले भने । सूचनाको हक प्रवर्द्धन गर्न आवश्यक सहयोग सरकारले गर्ने प्रतिबद्धता उनले व्यक्त गरे ।

शासन प्रणालीमा जनताको नियन्त्रण, निगरानी र हस्तक्षेप बढाउने कुरा सूचनाको हकसँग प्रत्यक्ष रूपले जोडिएको जनाउँदै उनले जति धेरै जनता सुसूचित हुन्छन् पारदर्शीता अपनाइन्छ, त्यति त्यहाँ विकृति विसंगतिलाई रोकथाम गर्न सकिने बताए । ‘जनताले रोकथाम गर्दा मात्र विकृति विसंगति नियन्त्रण हुन्छ । सूचनाको हक बढीभन्दा बढी स्थापित गर्ने, त्यसलाई प्रवर्द्धन गर्ने गरेर मात्रै सुशासन प्रत्याभूत गराउन सकिन्छ,’ उनले भने ।

सूचनाको हकका नाममा समाजमा अव्यवस्था, अराजकता र अनुशासनहीनता नआओस् भन्ने कुरामा पनि सचेत हुनुपर्नेमा जोड दिँदै उनले कतिपय सूचनाको प्रकृति सार्वजनिक गर्नुनपर्ने पनि हुने भएकाले त्यतातर्फ पनि ध्यान दिनुपर्ने बताए । सो अवसरमा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले गत एक वर्षभित्र आयोगले गरेको कामकारबाहीको प्रतिवेदन सरकारलाई बुझाइएको बताए ।

# आत्मदाह घटनाबारे न्यायिक आयोग गठनको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा बैठकमा केही दिनअघि नयाँ बानेश्वरमा प्रेमप्रसाद आचार्यले आत्मदाह गरेको घटनाको सम्बन्धमा छानबिन गर्नुपर्ने माग उठेको छ । प्रतिनिधिसभाको बुधबारको विशेष समयमा बोल्दै नेकपा (एकीकृत समाजवादी)का प्रकाश ज्वालाले आचार्यको आत्मदाहको घटनाका बारेमा छानबिन गर्न न्यायिक आयोग गठनको माग गरे ।

यसैगरी, जनता समाजवादी पार्टी नेपालका राजकिशोर यादवले आचार्यको आत्मदाहको विषयमा संसद्मा केही विशेष प्रस्ताव आउनुपर्नेमा आउन नसक्नु दुःखद् भएको भनाइ राखे । बैठकमा नागरिक उन्मुक्ति पार्टीकी रञ्जिता श्रेष्ठले निर्दोष थारु बन्दीका लागि आफ्ना पार्टीले निरन्तर आवाज उठाए पनि रिहाइ हुन नसकेको दुःखेसो गरे । नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले वीर अस्पतालमा आइसियू शयचा नभएर जनताले निजी अस्पतालमा चर्को मूल्य तिर्न बाध्य भएको हुँदा उक्त अस्पतालमा आइसियूको शयचा थप गर्न आग्रह गरे ।

स्वतन्त्र सांसद प्रभु साहले कालोबजारी नियन्त्रण गर्ने, नापतौल हेर्ने र गुणस्तर कायम गर्ने निकाय भए पनि त्यसको काम प्रभावकारी हुन नसकेकोप्रति सरकारको ध्यानाकर्षण गराए ।


## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

**COMPANY: KUM HOI ENGINEERING INDUSTRIES SB**
**कम्पनी :कुम होई ईन्जिनियरिङ ईन्डस्ट्रिज एस. बि.**

Pre Approval Date : 2022-10-10 | Post Approval Date : 2023-02-01 | LT. No.272941 | Invoice No. 60188848
पूर्व स्वीकृति मिति : २०७९/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१८ | एल टि न. २७२९४१ | चलानी नं. ६०१८८८४८

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वर्कर Factory Worker | ५० 50 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४६,०३५ 46,035 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कैसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।– उमेर ३६ देखि ५० : ने.रु.४९३१।– उमेर ५१ देखि ६४ : ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**

SWIFT H.R. SOLUTION PVT.LTD does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 9th February, 2023 in office premisees.**
**अन्तर्वाता मिति २०७९ माघ २६ गते कार्यालय परिसरमा हुनेछ ।**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रकिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :– १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com


## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ९५७/०६७/६८ यस **All Skill International Human Resource Pvt. Ltd** मा कार्यरत तपशील पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्बन्धी ७दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | सविना मगर | अफिस सेक्रेटरी |
| २ | सरिता कुमारी के.सी | एकाउन्टेन्ट |
| ३ | सुरज श्रेष्ठ | डकुमेन्टेसन अफिसर |
| ४. | विनिता अधिकारी | रिसेप्सनिष्ट |
| ५. | अनिल गिरी | अफिस गार्ड |
| ६. | पवित्रा खुना गिरी | कार्यालय सहयोगी |

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **राज ग्रुप अफ कम्पनी प्रा.लि.** श्रम इजाजत पत्र न. १२४५/०७४/०७५ मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.न. | नाम | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | स्मृती नेपाली | कागजात अधिकृत | धनगढी-१, कैलाली | ०७१०२०/२७५१ |
| २ | राधिका श्रेष्ठ | रिसेप्शनिष्ट | शैलुङ-८, दोलखा | २२-०१-७५-०४०५६ |
| ३ | हिरालाल गदेल | जेनेरल म्यानेजर | निलकण्ठ-३, धादिङ | २६२१/३७७ |

RAJ GROUP OF COMPANIES License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL MABIA HOSPITALITY SERVICE**

पूर्व स्वीकृति मिति २०७८/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१८ | LT. No. 248480 | चलानी नं. ६०१६५३६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 141 | 20 | 1200 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Follow Up Cleark | 38 | 3 | 800 | २८,५१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २६ गते (9th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम ईजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SHINE KLEEN SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०५/२० | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१८ | LT. No. 270988 | चलानी नं. ६०१८६९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 1500 | ४६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २६ गते (9th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

**DREAMLAND MANAGEMENT PVT.LTD.**
**(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)**
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com


## Thabang Rural Municipality
## Office of the Rural Municipal Executive
### Thabang, Rolpa

## INVITATION FOR BIDS

**Date of publication: 02-02- 2022 ( 2079/10/19 )**

1. *Thabang Rural Municipality* invites electronic bids from Registered Nepalese eligible bidders for the following work .

| S.N | Contract no. | Description and location of work | Estimated Amount (Excluding VAT, Contingencies & O/M Cost ) NRs | Bid Security Amount NRS | Price of Bid Document. NRs |
|---|---|---|---|---|---|
| 1 | TRM-ROLPA/W/NCB/17/2079/080 | Construction of Jaya Ranagaun Lifting Water Supply Project , Thabang 03 , Rolpa | 74,23,523.29 | 2,30,000 | 3,000 |

2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO’s Web Site www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project’s Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Thabang Rural Municipality, Thabang, Rolpa
   Rajaswa Account no.: U604010000009
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before *12.00* on 04/03/ 2023. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders’ representatives who choose to attend at *13:00 hour on 04/03/2023* at the office of *Thabang Rural Municipality Thabang Rolpa*.
6. Bids must be valid for a period of *90 days* and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Thabang Rural Municipality, Thabang,
   Deposit Account no.: U604010000003
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**
**Thabang Rural Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# खर्च कटौती : निर्णयमै सीमित नहोस्

**कोरोना भाइरस (कोभिड–१९)को विश्वव्यापी महामारी, रुस–युक्रेन युद्धलगायतका कारण विश्वमा आएको आर्थिक मन्दीको प्रभाव नेपालले पनि भोगिरहेको छ । त्यसैको प्रभाव चालु आर्थिक वर्षमा सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न सकेको छैन । निर्यात घटेको छ । यसले गर्दा सरकारले स्रोत व्यवस्थापनमा निकै सकस बेहोर्नुपरेको छ ।**

**अर्थ मन्त्रालयले पनि कोभिड–१९ को प्रभाव, युक्रेन–रसियाको युद्ध तथा अन्य विविध कारणबाट विश्वव्यापीरूपमा आपूर्ति शृंखलामा परेको प्रतिकूल प्रभाव र बाह्य क्षेत्रमा परेको चाप व्यवस्थापन गर्न केही वस्तुको पैठारीमा गरिएको पूर्णबन्देजको निर्णयपश्चात् देशभित्रको आर्थिक गतिविधिमा संकुचन हुन गएको स्वीकार गरेको छ । चालु आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व असुली नभएको, बजेटरी सहायता समयमा प्राप्त नभएको, राष्ट्रसेवकको तलब, निवृत्तभरण र सामाजिक सुरक्षा, रासायनिक मल आपूर्ति र विपद व्यवस्थापनका लागि बढ्न गएको व्ययभारलगायतका कारणले चालु खर्चको भार बढेको मन्त्रालयको भनाइ छ ।**

**यस्तै आन्तरिक ऋणको ब्याजदर बढ्नुका साथै नेपाली मुद्रा अमेरिकी डलरसँग कमजोर हुँदा वैदेशिक ऋणको साँवा तथा ब्याज भुक्तानी गर्न विनियोजन गरिएको रकम अपर्याप्त हुन गएकोले नेपाल सरकारको स्रोतमा चाप परेको अर्थ मन्त्रालयले बताएको छ । मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको संघीय सञ्चित कोष हाल करिब ९० अर्ब रूपैयाँ ऋणात्मक रहेको छ ।**

**यही परिस्थितिलाई मध्यनजर राख्दै अर्थ मन्त्रालयले मंगलबार खर्च कटौतीको निर्णय गरेको छ । मन्त्रालयले अनावश्यक खर्च नियन्त्रण गर्न विभिन्न शीर्षकका चालु खर्च कटौतीको निर्णय गरेको हो । सरकारी वित्त सन्तुलन कायम राख्न खर्च कटौती र खर्च रोक्का गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ ।**

**चालुतर्फको खर्चमा अनिवार्य दायित्वबाहेक न्यूनतम २० प्रतिशत कटौती गर्न प्रदेश सरकार र स्थानीय तहहरूलाई अनुरोध गर्ने निर्णय मन्त्रालयले गरेको छ । खर्च कटौतीको निर्णय कार्यान्वयन गर्दा १० अर्ब ५० करोड रूपैयाँ बचत हुने र खर्च रोक्का राख्दा करिब १४ अर्ब रूपैयाँ बराबरका कार्यक्रम स्थगन हुने मन्त्रालयले जनाएको छ ।**

**बजेट खर्च प्रणालीलाई पुनःप्राथमिकीकरण गरी राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजना तथा रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान गर्ने आयोजनामा खर्च बढाउने निर्णय मन्त्रालयले गरेको छ । संघीय सरकारको सबै मन्त्रालय र निकायको स्वीकृत बजेटको इन्धन, मर्मतसम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन, सेवा र परामर्शलगायत शीर्षकमा २० प्रतिशत खर्च कटौती गरेको छ । त्यस्तै, सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मूल्यांकन खर्च, कर्मचारी तालिम, गोष्ठी, सेमिनार र कार्यशाला, विविध खर्च, मेसिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स, निर्मित भवनको संरचनात्मक सुधारलगायत शीर्षकको बजेटमा पनि २० प्रतिशत खर्च कटौती गरिएको छ ।**

**अर्थले गरेको खर्च कटौतीको यो निर्णयलाई सकारात्मक रूपमा लिन सकिन्छ । तर, यतिले मात्र सरकारलाई वृत्त सन्तुलन कायम गर्न पर्याप्त नहुने देखिन्छ । सरकारले सामाजिक सुरक्षाका नाममा विभिन्न शीर्षकमा बाँड्ने रकमको आकार बर्सेनि बढ्दै गएको छ । यसरी बाँडिने रकममध्ये कतिपयले दोहोरो तेहेरो सुविधासमेत लिइरहेको बताइन्छ । तर, सरकारले यसलाई व्यवस्थित गर्न सकेको छैन । जसले चालु खर्च बढाउनुका साथै स्रोत व्यवस्थापनमा चुनौती थपिरहेको छ । यसमा पनि सरकारको ध्यान जान जरुरी छ । खर्च कटौतीको निर्णयले राज्यको अर्बौं रकम जोगिने देखिन्छ । यो निर्णयको प्रभावकारी कार्यान्वयनमा चुक्नु हुँदैन ।**

# सार्क सम्मेलनको अनिश्चितता र प्रभाव



▶▶ डा.सुमनकुमार रेग्मी

**संसार २१औं शताब्दीको भूमण्डलीकरणमा पुगिसकेको अवस्थामा सार्क राष्ट्रहरूले द्विपक्षीय र क्षेत्रीय हितलाई हेरेर अगाडि बढ्ने ढोका खोल्नुपर्ने बेलामा यहाँका लाखौं युवाहरू विश्वबजारमा कामदारका रूपमा रहेको अवस्था छ । युवाहरू आफ्ना देशमा फर्काउन सार्क किन निस्क्रिय भएर जाँदै छ ? सार्कमा बेलाबेलामा भएका अनगिन्ति प्रतिबद्धताहरूलाई मूर्तरूप दिन किन ढिलाइ भइरहेको छ ?**

सार्कको १९औं शिखर सम्मेलन स्थगित हुनु सार्क क्षेत्रका लागि दुःखद् विषय हो । २०७३ कात्तिकमा हुने भनिएको सार्क सम्मेलन २०७९ सकिन लाग्दा पनि हुने सुरसार देखिँदैन । १९औं सार्क सम्मेलनको आयोजक राष्ट्र पाकिस्तान अघि नसरेसम्म हुने स्थिति छैन । नेपाल सार्कको अध्यक्ष राष्ट्र भएको हैसियतले स्थायित्व र शान्ति स्थापनाका लागि सार्क सदस्य देशहरूबीच आतंकवादविरुद्ध उपलब्धिमूलक सहकार्यको वातावरण बनाउन आग्रह गरेको छ वर्ष भइसक्यो । क्षेत्रीय सहकार्यको वातावरण बनाउन आवाज उठाउँदै आएको छ ।

हरेक वर्ष सार्क सम्मेलनमा सार्कका नेताहरू भेला हुने प्रचलन भए पनि कुनै वर्ष तीन वर्षपछि भेला भएका देखिन्छन् । २०७३ पछि त सम्मेलन नै भएको छैन । चाहे सार्क सम्मेलन, चाहे मन्त्रीस्तरीय बैठक, चाहे परराष्ट्र मन्त्रीस्तरीय, चाहे प्राविधिज्ञस्तरीय बैठक वा अन्य सार्क बैठक होस् ती सबै जस्तोसुकै सम्मेलन सदस्य राष्ट्रहरूको भलाइका लागि केन्द्रित हुने हुन् । अघिल्ला विषयका प्रतिबद्धता पूरा गर्ने भन्दै अर्को घोषणापत्र वा एजेण्डा एकअर्कालाई सुनाइ थप अभिलेख जारी गर्दै सम्मेलन टुंग्याउँदै आएका छन् । सार्क शिखर सम्मेलन नेपालले तीनपटक आयोजना गरिसकेको छ । हरेक सार्क शिखर सम्मेलनमा आठ सदस्य राष्ट्रबाट प्रस्तुत महत्त्वपूर्ण कार्यसूचीहरूमा चासो दिइएको देखिए पनि ती सबैका मोडालिटी तयार भएको भनी पन्छिन् तर मोडालिटी सधैं अमूर्त रहिआएका देखिन्छन् । मोडालिटी पूरा तयार हुन १०-१५ वर्ष त के २५ वर्षमा पनि तयार भएको देखिँदैन यस हिसावले हाम्रा पनाति-खनातिले पनि सार्क आर्थिक संघ देख्न पाउनेजस्तो देखिँदैन । सुरुमा हरेक वर्ष गरिने भनिएको सार्क सम्मेलन अब दुई-दुई वर्षमा गर्ने भनी पर सर्ने प्रावधान संशोधन गरिएको देखिन्छ ।

संसार २१औं शताब्दीको भूमण्डलीकरणमा पुगिसकेको अवस्थामा सार्क देशहरूले द्विपक्षीय र क्षेत्रीय हितलाई हेरेर अगाडि बढ्ने ढोका खोल्नुपर्ने बेलामा सार्कका नेपालसहित अरु देशका लाखौं युवाहरू विश्वबजारमा कामदारका रूपमा रहेको अवस्था छ । युवाहरू आफ्ना देशमा फर्काउन सार्क किन निस्क्रिय भएर जाँदै छ ? सार्कमा बेलाबेलामा भएका अनगिन्ति प्रतिबद्धताहरूलाई मूर्तरूप दिन किन ढिलाइ भइरहेको छ ? मुख्यतः निर्णय र घोषणाहरू लागू गर्नका लागि सार्कको कार्यान्वयन क्षमतामा जोड दिनै पर्दछ, नत्र भने यसका सम्मेलनहरू फगत औपचारिक परम्परामा सीमित हुँदै जाने छन् ।

सार्क क्षेत्रको व्यापार सहज बनाउन गठन भएको साफ्टा कार्यान्वयन ग्रेस पिरियड सन् २०१५ भित्र पूर्णरूपमा व्यवहारमा आउनुपर्नेमा सन् २०१६ पछि त भन्सार दर शून्यदेखि पाँच प्रतिशतभित्र सबै सार्क सदस्य देशहरूका अधिकांश वस्तुहरू पर्न सकेका छैनन् । यसरी पर सरेर सार्कभित्र दुई देशबीच वस्तुका गुणस्तर, क्वारेन्टिन तथा स्वास्थ्यसम्बन्धी मापदण्डमा एकरूपता कायम गर्ने र एकअर्काको देशका प्रमाणीकरणलाई मान्यता दिन पहिलेदेखि नै गृहकार्य भए पनि पूर्ण भएको देखिँदैन । साफ्टामा पनि एकअर्का देशको उत्पादनलाई मान्यता दिने विषय समावेश भए पनि कार्यान्वयन हुन सकेको छैन ।

नेपालसँग सार्क क्षेत्रका भुटान, अफगानिस्तान र माल्दिभ्ससँग द्विपक्षीय व्यापार सम्झौता छैन । द्विपक्षीय व्यापार सम्झौताले साफ्टा कार्यान्वयनमा मदत पुग्दछ । भुटानले नेपालसँग व्यापार सन्धी गर्न रुचाएको देखिन्छ । नेपाल-भुटान, अफगानिस्तान र मालदिभ्ससँग व्यापार सन्धी नहुँदा ती देशहरूसँग दुई देशबीचको व्यापार प्रवर्द्धनमा समस्या परेको देखिन्छ । नेपालको भारत, बंगलादेश, श्रीलंका र पाकिस्तानसँग द्विपक्षीय व्यापार सम्झौता भएकाले भुटान, अफगानिस्तान र माल्दिभ्सभन्दा बढी व्यापार भएको देखिन्छ । अरु सार्कका देशहरूसँग नेपालको व्यापार सम्झौता गर्न पहल गर्न आवश्यक छ ।

सार्कले आफ्ना क्षेत्रीय केन्द्रहरू धेरै र उही प्रकृतिका भएको भन्दै तीन केन्द्र खारेज गरेको थियो । खारेजसँगै उस्तै प्रकारका चार केन्द्र गाभ्ने निर्णय १८औं शिखर सम्मेलनले गरेको थियो । गाभ्ने र राख्ने यस्ता झिनो कुरामा पाकिस्तान र भारतबीच विचार बाझिएको देखिन्छ । स्मरण रहोस् कि, सार्कको ११ केन्द्र रहेकामा घटाएर पाँचमा झारिएको छ ।

### सार्क मिनी सम्मेलनका अग्रकार्य

१८औं सार्क सम्मेलन सकिएको वर्षौं बितिसक्दा पनि सार्कका सबै देशले कुनै साझा कार्यक्रम ल्याउन सकेका छैनन् । दुई वा दुईभन्दा बढी सार्क देशहरू मिलेर कार्यक्रम ल्याउन पाउने व्यवस्था रहेको देखिन्छ । यद्यपि, नेपालमा सार्कको विदेशमन्त्रीस्तरीय मिनी सम्मेलन २०७२ चैततिर भइसकेको छ, त्यसपछि पनि भए । पकिस्तानले २०१६ नोभम्बरमा सार्कको १९औं शिखर सम्मेलन गर्ने ३७औं मन्त्रीस्तरीय बैठकले भनिएको अवस्थामा नेपालले यो ३८औं सार्क विदेशमन्त्रीस्तरीय बैठक बसालेको भए पनि अगाडि बढ्न सकेको छैन । सार्कको मध्यावधि समीक्षाका लागि पनि यस्तो बैठक वर्तमान अध्यक्षले आयोजना गर्ने र बस्ने गर्दछ । यस बैठकले २०७१ मंसिरमा काठमाडौमा भएको शिखर सम्मेलन°बाट पारित एजेण्डा २०७२ अन्त्यमा बसेको मिनी सार्क सम्मेलनले समीक्षा गरेको बताइन्छ । अगाडिका सार्क शिखर सम्मेलनले गरेका प्रतिबद्धता कहाँ पुगे भन्नेमा यस मिनी सम्मेलनले गरेको देखिन्छ ।

बताइन्छ कि, २०७१ मंसिरमा बसेको सार्कको १८औं सम्मेलनमा पारित ३६ बुँदे घोषणा कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने क्रममा मिनी सम्मेलनले कार्य गरेको छ । मिनी सम्मेलनको सन्दर्भमा सहसचिवस्तरीय ५२औं सार्क कार्यक्रम समितिको बैठकमा सार्क विश्वविद्यालय, विकाष कोष, आर्बिटेसन काउन्सिल र रिजनल स्टचान्डर्ड अर्गनाइजेसनको कार्य भएको देखिन्छ । साथै, यसअघिको ५१औं कार्यक्रम समितिको बैठकको समीक्षा गर्दै कार्यान्वयन भए/भएको स्थितिको अवलोकन गरेको देखिन्छ । साथै, उक्त मिनी सम्मेलनमा सार्क मुलुकअन्तर्गत शिक्षा, व्यापार, मध्यस्थता, सार्क युवा चार्टर र क्षेत्रीय सहयोग आदानप्रदानबारे छलफल भएको थियो । यस क्षेत्रका जनतासँग प्रत्यक्ष सरोकार राखेका पूर्वएजेण्डासमेत कार्यान्वयन गर्न सकिएको देखिँदैन । ५२ औं सार्क कार्यक्रम समितिको बैठकमा नै सार्क क्षेत्रभित्र हुनसक्ने आतंकबाद र उग्रवादलाई सार्क क्षेत्रबाट निर्मूल गर्न प्रभावकारी संयन्त्र बनाइ अघि बढ्ने प्रस्ताव गरिएको छ । ४२औं सार्क सचिवस्तरीय बैठक पनि मिनी सार्क सम्मेलनमा भएको देखिन्छ । त्यसपछि पनि यस्तो बैठक बस्दै आएको छ ।

साथै व्यापारमा सहकार्य, लगानी, आर्थिक विकास, ऊर्जा, सञ्जाल, गरिबी निवारण, शिक्षा, स्वास्थ्यजस्ता विषयमा सहकार्य गर्नेमा बैठक उपलब्धिपूर्ण भएको बताइन्छ । सार्क विकास कोषमा उपयोग हुन नसकिरहेको अवस्थामा एकभन्दा बढी सदस्य देशले आफ्ना परियोजना लगेर त्यसमा काम गर्न सक्ने निर्णय भएको देखिन्छ । तर, यही मोडलमा पर्यवेक्षक देशले लगानी गर्न खोजेको भए पनि पाएका थिएनन् । साथै, युरापेली मोडलमा जान सार्कलाई विस्तारै राजनीतिक तहको संरचनामा लैजानुपर्नेमा बैठकले जोड दिएको थियो । कुनै-कुनै सार्क देशले त सार्कको चार्टर बडीदेखि सचिवालय सबै क्षेत्रमा परिवर्तन गर्दै अघि बढ्नुपर्ने बताएका थिए ।

विगतका प्रतिबद्धता कार्यान्वयनपक्षमा खास उपलब्धि हुन सकेको देखिँदैन । बैठक, छलफल, प्रस्ताव पेस, एजेण्डा नै सार्कका सबै तहका बैठक बित्ने गरेको देखिन्छ । सधैं भारत-पाकिस्तान सम्बन्ध सुधारोन्मुख भनी बताइन्छ तर भारत-पाकिस्तान सम्बन्धको विषयले सार्क ओझेलमा परेको देखिन्छ ।

### सार्कका विविध पक्ष

सार्कका सदस्यहरूले सार्कप्रति पूर्णप्रतिबद्धता जनउँदै आएका छन् । तर, सार्कलाई ओझेलमा पारी बिमस्टेक र बिबिआईलाई अगाडि बढाउन चाहेको भन्ने तर्क खण्डन गरिएको देखिन्छ । बताइएको छ कि, सार्कमा व्यापार, वाणिज्य र आर्थिक सहकार्यका लागि सार्क अति आवश्यक छ । तर, १९औं सार्क सम्मेलन गर्ने वातावरण बन्न सकेन । उक्त सम्मेलनको स्थान परिवर्तन गर्ने पहल गर्न लाग्दा पाकिस्तानले आफ्नो देशमा नै गर्ने इच्छा देखाएको छ । तर, पटक-पटक पूर्वनिर्धारीत बिभिन्न मितिमा गर्ने १९औं सार्क सम्मेलनको म्याद गुज्रिसकेको छ ।

दक्षिण एसियाली क्षेत्रका महिलाको साझा समस्या समाधान गर्न नीति-निर्माण गर्न आवश्यक देखिन्छ । सार्क महिलाका क्षेत्रमा महिला उद्यमशीलता विकास कोष आवश्यक भएको औंल्याइएको छ । साथै, यसबारे अरु महिलाका क्षेत्रमा सूचना आदानप्रदान गर्ने महत्त्व दर्शाइएको छ । सूचना प्रविधिको विकासमा नेपाल सार्क क्षेत्रमा पाँचौं स्थानमा परेको छ । टेलिफोन, मोबाइल प्रयोगकर्ता, इन्टरनेट प्रयोगकर्ता, वयस्क साक्षरता दर, अन्तर्राष्ट्रिय ब्यान्डविथ प्रयोगको दरलगायतका आधारमा यस्तो निष्कर्ष निकालिएको देखिन्छ ।

दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग अर्थात् सासेकअन्तर्गत नेपालभित्र परेका परियोजनाहरू सञ्चालनका लागि सन् २०२१ सम्म करिब ३० खर्ब रूपैयाँ अर्थात् ३० अर्ब डलर खर्च लाग्ने अनुमान गरिएको छ । सासेकभित्र यातायात, व्यापार सहजीकरण र ऊर्जासम्बन्धी ३७ परियोजना भएका बताइएको छ । सार्कका नेपाल, भारत, भुटान, बंगलादेश, श्रीलंका र मालदिभ्सलाई जोड्ने सडक, रेल, व्यापारिक मार्ग, ऊर्जा सञ्चालनलगायत पूर्वाधार विकास र सञ्चालनका लागि परिकल्पना गर्दै आएको देखिन्छ । परिकल्पनामा दक्षिण एसियालाई दक्षिण पूर्वी एसियाली देशसँग जोड्ने र आर्थिक मार्गहरूको विकास गर्ने लक्ष्य राखिएको देखिन्छ ।

*(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायव कार्यकारी निर्देशक हुन्)*

## मननयोग्य

### चाणक्य नीति

फेरि यता आउने साहस उसलाई कसरी आयो ? सुनको भोको ए सेल्युकस । हामी यसपटक तेरो स्वागत यसरी गत पुनः भारतवर्षमा कुदृष्टिले हेर्नसक्ने छैनस् । अनि चाणक्यले केही कुरा सोच्तै लामो सास फर जुन उनको मनोबलको द्योतक थियो ।

यतिखेरै सैनिक कवच धारण गरी गुप्तचरले प्रवेश गरे । श्रद्धा एवम् विश्वासले अभिवादन गरे । चाणस्यले 'जय' को आशीर्वाद दिंदै रणनीतिसम्बन्धी गूढ° परामर्श पनि उनलाई तत्काल दिए ।

सँगसँगै चन्द्रगुप्त र चाणक्य महलबाट बाहिरिंदै सैनिक छाउनीसम्म आए र चन्द्रगुप्तने चाणक्यको चरण स्पर्श गरी आफ्नो प्यारो सेतो घोडामा चढी युद्धको शंखनाद गरे हजारो घोडचढी, लाखौं पैदल सैनिक, सबकडी ज्ञ हाती अत्यन्तै डरलाग्दो आँधीबेरी उत्पन्न गर्दै युद्धभूमितर्फ लागे उता व्यासपुरि मगधको सीमादेखि टाढा डरलाग्दो समूहमा ।

जुनेली रातमा राक्षस र कैकेय, पञ्चनद राजा पुरु गोप्य सल्लाहमा तल्लीन थिए । चारैतिर सैनिक हातमा नांगो तरवार, भाला लिई सतर्क दृष्टिले यताउति घुमिरहेथे चाणक्यका गुप्तचरले यसको झनक थाहा नपाऊन् भनेर ।

आफ्नो कपाल कन्याउँदै राक्षसले पुरुसँग भने- 'महाराज तपाईं विश्वास राख्नोस् यो एक ब्राह्मणको वचन हो । तपाईं बुझ्नुहुन्छ, राक्षस कहिल्यै झूठो बोल्दैन । राक्षसले चाणक्यको जस्तो धोका दिन सक्तैन, मगधविजयपछि कुमार मलय नै मगधको सम्राट हुन्छन् । यो पक्का बुझ्नुहोस् ।' 'मलाई तपाईको कुरामा विश्वास छ, तर सोच्छु कतै पाणस्यलाई यो भेदबारे जानकारी नहोस् ती ब्राह्मण कुनचाहिं विद्या जान्दछन् हाने काम उनीसम्म आइने पुग्दैन जलातिर उनको दृष्टि पर्छ त्यसको निश्चित सर्वनाश हुन्छ भन्ने मान्छ पुरुसे अनिश्चयस्तो स्थितिमा भने ।

क्रमशः

## पत्र–मञ्जुषा

# यातायात व्यवसायीसामु निरीह सरकार

अहिले पनि धुवाँको मुस्लो फालेर काठमाडौं उपत्यकालगायत अन्य जिल्लामा थोत्रा, पुराना, कबाडी टचाक्सी, गाडी, माइक्रो बस, मिनी बस, ग्याँस टचाम्पोलगायतका सवारीसाधनहरू गुडिरहेका छन् । केही महिनाअगाडि वातावरण विभाग, यातायात व्यवस्था विभाग र ट्राफिक महाशाखाले छड्केरूपमा प्रदूषण जाँच गरी प्रदूषण धेरै गर्ने सवारीलाई एक लाख रूपैयाँसम्म जरिवाना गर्ने चेतावनी दियो ।

तर, अहिले पनि यातायात व्यवसायीहरूले यातायात कार्यालयमा गाडी नै नलगी गाडीको बिलबुक लिएर गएर दुई हजार रूपैयाँ दिएर छ महिनाको जाँचपास ल्याउने गरिरहेका छन् । यता गाडी भने बाटोमा गुडिरहेको हुन्छ । उता बिलबुकमा गाडी जाँचपास भएर आइसकेको हुन्छ । यता दुई हजार तिरेको २०० रूपैयाँ राज्यको ढुकुटीमा जान्छ त १८ सय रूपैयाँ कार्यालयका कर्मचारी र लेखनदासले मिलेर खान्छन् ।

त्यस्तै, दुई हजार दिएर हरियो स्टिकर ल्याउने गरिन्छ । जसमा ५० रूपैयाँ राज्यको ढुकुटीमा जान्छ त एक हजार ९५० रूपैयाँ कार्यालयका कर्मचारी र लेखनदासको खल्तीमा । यता त्यही गाडी बाटोमा गुडिरहेको हुन्छ त उता बिलबुकमा भने हरियो स्टिकर टाँसेर आउँछ । यातायात कार्यालयका कर्मचारी र लेखनदासहरू घूस्याहा छन् भनेर अहिले सर्वसाधारणले थाहा पाइसकेका छन् ।

सरकारले २०७६ जेठ १८ गतेभन्दा पछाडि घरेलु तथा कम्पनीमा नगएका वा पञ्जीकरण नगरेका सवारीसाधनको रोड पर्मिट खारेज गर्ने भनेर निर्णय गऱ्यो । तर, अहिले पनि यातायात व्यवसायीहरूले घरेलु तथा कम्पनीमा नगई वा पञ्जीकरण नगरी कार्यालयका कर्मचारीलाई घूस खान दिएर रोड पर्मिट वा नामसारी गरिरहेका छन् ।

यसरी घरेलु, कम्पनी तथा पञ्जीकरण नगरेका गाडीको कर्मचारीहरूले घूस खाएर नगर्दा राज्यको ढुकुटीमा आउनुपर्ने अर्बौं रूपैयाँ राजस्व आउनबाट वञ्चित भइरहेको छ । अहिले राजधानीमै गुडिरहेको गाडीको कुनैको सिसा फुटेको हुन्छ त कुनैको सिट भाँचिएको हुन्छ । यता गाडीको बाहिरी अवस्था देख्दा नै सर्वसाधारणलाई सवारी गर्न नभई मर्नका लागि गाडी चढिरहेको महसुस हुन्छ ।

यता ती गाडीहरू पिरो धुवाँ वा धुवाँको मुस्लो फालेर गुडिरहेका छन् । तर, यी गाडीहरूको कागपत्र जाँच गर्ने र आवश्यक कारवाही गर्ने निर्देशन दिइएको छैन । सरकारी काम, कहिले जाला घाम भनेजस्तै भइरहेको अहिले ट्राफिक प्रहरी प्रमुखको काम ।

पछिल्लो समय राजधानीमा प्रदूषण, दुर्घटना, ट्राफिक जामलगायत अन्य समस्या बढेकाले सर्वसाधारण जनताहरू दर्ता भएको मितिले १५ वर्ष पुगेका भाडाका गाडी तथा निजी प्लेटका गाडीहरू हटाउन माग गरिरहेका छन् । अहिले निजी प्लेट तथा हरियो प्लेटका गाडीमा सरकारले कुनै रोकतोक गरेको छैन । त्यसैले, यिनीहरूमा पनि अब सरकारले १५ वर्षे वा २० वर्षे लागू गर्नुपर्छ । २०७० सालमा यातायात मन्त्रालय सचिवस्तरीय निर्णय गरेको थियो । भाडाका गाडी होस् या निजी प्लेटका । ती गाडीहरू दर्ता गर्ने बेलैमा त्यो गाडीको चल्ने समयावधि (२० वर्षेसम्म चल्ने) त्यसको बिलबुक वा यातायात कार्यालयमा ढड्डामा लेखिदिने भनेको थियो । त्यसलाई २०७१ साल वैशाख १ गतेदेखि लागू गर्ने भनेर भनिएको थियो । तर पछि यातायात व्यवसायीको दवाबमा त्यो निर्णय पनि दराजमै थन्कियो ।

यातायात क्षेत्रमा अहिले पनि सिण्डिकेट कायमै छ । जसले गर्दा भाडाका गाडीको संख्या बढेको छैन र जनतालाई सास्ती भइरहेको छ । यसले राज्यले पनि राजस्व पाएको छैन र जनताले पनि भनेको समयमा गाडी । यसमा सरकारको ध्यान जाने कहिले ?

***– कल्पना राई, ललितपुर***

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारवाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# सुरु भयो 'आयोडिन मन्थ'

**काठमाडौं–** आयोडिनयुक्त नुनको थप प्रवर्द्धन तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले 'फेब्रुअरी' महिनालाई 'आयोडिन मन्थ'का रूपमा मनाउन थालिएको छ । विभिन्न कार्यक्रम आयोजना गरी बुधबारदेखि 'आयोडिन मन्थ' मनाउन सुरु गरिएको हो ।

नेपाल युनिभर्सल साल्ट आयोडाइजेसनको सदस्य देश हो । नेपालमा सन् १९९८ देखि 'फेब्रुअरी' महिनालाई 'आयोडिन मन्थ' का रूपमा मनाइँदै आइएको छ । विशेषगरी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसहित सम्बन्धित निकायका सहकार्यमा आयोडिनको कमीले हुने समस्यालाई निवारण गर्न जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ । यस वर्षको नारा 'थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिका चिह्न अंकित आयोडिनयुक्त नुन नै खाऔं' भन्ने रहेको कर्पोरेसनले जनाएको छ ।

हाल आयोडिनको कमीबाट उत्पन्न विभिन्न समस्यामध्ये देखिने गलगाँड 'भिजिबल गोइटर' समुदायमा नदेखिएको कर्पोरेसनले जनाएको छ। सन् १९८६ मा देखिने गलगाँड ४४.२ प्रतिशत रहेकामा सन् २००७ मा ०.४ प्रतिशतमा झर्न सफल भएको थियो । सरकारले दिएको निर्देशनअनुसार कर्पोरेसनले आयोडिनयुक्त नुनको आपूर्ति गर्दै आएको छ ।

सरकारले उचित मात्रामा आयोडिन भएको नुन उपभोग गर्ने घर संख्या सतप्रतिशतमा पुऱ्याउने नीति लिएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सर्वेअनुसार हाल ९१.० प्रतिशत घरपरिवारले उपयुक्त मात्रामा आयोडिन भएको नुन उपभोग गरिरहेका छन् ।

यसैगरी सन् २०१६ को नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका अनुसार ९४.५ प्रतिशत पाँच वर्षमुनिका बालबालिकाले उपयुक्त मात्रामा आयोडिन भएको नुन उपभोग गरेका छन्। 'अत: यस उपलब्धिलाई जोगाइराख्न सम्बन्धित सबै निकायहरूको ध्यान दिनु जरुरी देखिएको छ,' कर्पोरेसनद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा कर्पोरेसनले आयोडिनको कमीबाट हुने शारीरिक एवं मानसिक कमजोरीका विषयमा जनचेतनामूलक कार्यक्रमबाट जानकारी दिन शिक्षक, विद्यार्थी, स्वास्थ्यकर्मी तथा जनसमुदायहरूलाई क्रमश: स्वास्थ्य संस्था, विद्यालयमा कार्यक्रम, हाटबजारमा माइकिङ, चेतनामूलक सामग्री वितरण, प्रदर्शनीकक्ष राख्ने जस्ता गतिविधि महिनाभर सञ्चालन गर्ने जनाएको छ ।

सरकारले देशभर आयोडिनयुक्त नुनको आपूर्तिको जिम्मेवारी कर्पोरेसनलाई दिएको छ। कर्पोरेसनले ग्रामीणस्तरसम्म आयोडिनसम्बन्धी चेतनामूलक गतिविधिका साथै दुई बालबालिका चिह्न अंकित 'पाकेट' नुन सुलभ मूल्यमा बिक्री वितरण तथा जनचेतनाका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

विगत ५९ वर्षदेखि कर्पोरेसनले नुनको आपूर्ति गर्दै आएको छ। आयो, न्यु शक्ति, तेज र भानु नुन प्याकेटमा बिक्री गर्दै आएको कर्पोरेसनले वार्षिक वार्षिक दुई लाख मेट्रिक टन नुन कारोबार गर्ने जनाएको छ ।

सोही अवसरमा आयोडिनसम्बन्धी चेतनामूलक सन्देश लेखिएको शपिङ झोला, स्कुल झोला, टी-सर्ट तथा पम्प्लेट जस्ता सामग्री वितरण गर्न विभिन्न विद्यालय तथा हाट बजारमा टोली खटाइने कर्पोरेसनले जनाएको छ । ती टोलीले ती स्थानमा उक्त अवसरमा आयोडिनको महत्त्वबारे जनचेतना जगाउन कार्यक्रम सञ्चालन गर्ने छन् । *रासस*

# रसुवाका ग्रामीण क्षेत्रमा बस सञ्चालन

**रसुवा–** हिमाली क्षेत्रका गाउँमा बस सञ्चालनमा आएपछि यहाँका स्थानीयको लामो तथा छोटो दूरीको यात्रा सहज भएको छ ।

जिल्लाको लाङटाङबाहेक अन्य क्षेत्रका गाउँमा सडक निर्माण भइसकेकाले बस व्यवसायीले नियमित सेवा दिन थालेपछि जिल्लादेखि राजधानीसम्मको यात्रा सहज भएको स्थानीय बताउँछन् ।

बस सञ्चालनमा आएपछि नियमित यात्रा गर्नाका साथै एम्बुलेन्स सेवा, खाद्यान्न ढुवानी, विकास निर्माणका लागि आवश्यक मेसिनरी ढुवानीलगायतका काममा सहज भएको स्थानीयको भनाइ छ।

उत्तरी रसुवाको टिमुरे, थुमन, तातोपानी, थाम्बुचेत, गतलाङ, हाकुबेँसी, दक्षिणी क्षेत्रको डाँडागाउँ, ठूलोगाउँ, मनिगाउँ, कर्मिडाँडा, जीवजीवे, अम्बावास, भोर्ले, यार्सा सरमथली, पाटीखर्कलगायतमा नियमित बस सेवा सञ्चालन भइरहेको स्थानीयको भनाइ छ ।

पुर्खाले भञ्ज्याङ चौतारीका गोरेटो तथा घोडेटो बाटोमा पैदलयात्रा गर्दथे तर अहिले सडक सञ्जाल विस्तार भएर बसबाट यात्रा गर्न थालेपछि दैनिकी सहज भएको बताइएको छ । काठमाडौंबाट बिहान छुट्ने बस साँझ ५ बजेभित्र जिल्लामा पुगिसक्ने स्थानीय चिरञ्जीवी पौडेलले बताए । उनका अनुसार यातायातको सुविधाका कारण यहाँ प्रकृतिको अवलोकन गर्न आउनेको संख्या पनि बढेको छ ।

भ्रमणका लागि डाँडागाउँ, ठूलोगाउँ, आमभञ्ज्याङ, धैवुङ-घुम्तीबजार, हाकुबेँसी, तातोपानी, उत्तरी क्षेत्रको धुञ्चेलगायतका स्थान रहेका होटल व्यवसायी संघका जिल्ला अध्यक्ष रामशरण गजुरेलले (निसान) ले जानकारी दिए । *रासस*

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ९६६/०६७/६८ यस **WHITE HORSE INTERNATIONAL PVT.LTD.** मा कार्यरत तपशील पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी तपशील मितीमा राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी विरोध सम्बन्धी ७दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| क्र.सं. | नाम थर | पद | राजीनामा दिएको मिति |
|---|---|---|---|
| १ | अन्जु पुढासैनी | म्यानेजर | २०७८/०३/१६ |
| २ | सुस्मा खड्का | डकुमेन्टेशन | २०७८/०६/०७ |
| ३ | राधिका चौलागाई | रिशेप्शनिष्ट | २०७८/०९/०९ |
| ४ | राजेन्द्र चौधरी | एकाउन्टेन्ट | २०७८/१२/२४ |

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77487@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **STRATEGIC SAFEGUARD SERVICES SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१८ | LT. No. 279424 | चलानी नं. ६०१९५१२४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1500 | ४६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २६ गते (9th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AP OVERSEAS PVT. LTD**
Govt. License 826/066/67
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4388574, 4388485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **METRO SECURITY SERVICES SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/०५/३० | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१८ | LT. No. 272037 | चलानी नं. ६०१८७७८९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 50 | 0 | 1500 | ४६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ACTIVE IDEA SDN. BHD.**
पुर्व स्वीकृति मिति २०७९/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१८ | LT. No. 279708 | चलानी नं. ६०१९५३२१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1500 | ४६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २६ गते (9th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MYNEWS RYOYUPAN SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/०३/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१८ | LT. No. 264985 | चलानी नं. ६०१८१०३४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | 1500 | ४६,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २६ गते (9th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AMIX COMPANY READY MIX**
पुर्व स्वीकृति मिति : २०७९/०९/१९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१८ | LT. No. 278862 | चलानी नं. ६०१९४३१४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Vehicle Driver | 6 | 0 | 1800 | ६२,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **JAWA HUMAN RESOURCE COMPANY**
पुर्व स्वीकृति मिति: २०७९/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/१८ | LT. No.279758 | चलानी नं. ६०१९५२७५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १ गते (13th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **थ्रि बर्दस ह्यूमन रिर्सोस प्रा.लि.** इजाजत प्राप्त नम्बर ७१३/०६४/०६५ मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट मिति २०७९/१०/१८ गतेबाट बर्खास्त गरिएको सबैमा जानकारी गराइन्छ । साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ । यदि गरेमा यस कम्पनी जिम्मेवार हुने छैन छ ।

| सि.नं. | कर्मचारीको नाम | नागरिकता नं. |
|---|---|---|
| 1 | SURYA GIRI | 052006-21475 |
| 2 | RAMESH KUMAR GAUTAM | 01-4-047-407 |
| 3 | SURAJ KUMAR PASWAN | 32-01-69-07928 |

**Three brothers human resources Pvt.Ltd**
श्रम ईजाजत नं. ७१३/०६४/०६५
Battisputali, 9 kathmandu,01-4565394, 4565494

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RK INDUSTRIAL SERVICES WLL**
पुर्व स्वीकृति मिति : २०७९/१०/१८ | LT. No.280395 | चलानी नं. ६०१९५८९७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३५,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Tailor | 16 | 0 | 1100 | ३९,५५० | | | | | | | |
| 3 | Tailoring Master | 16 | 0 | 1800 | ६४,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ २७ देखि २९ गते (10-12th Feb. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653,
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SEATTLE INTERNATIONAL SERVICES**
पुर्व स्वीकृति मिति :२०७९/०६/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१८ | LT No.272193 | चलानी नं. ६०१८८१३६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineer Labourer | 44 | 0 | 900 | ३२,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मिति:
झापा, बिर्तामोड -(Hotel Center Point) मा मिति: २०७९ माघ २६ गते (9th Feb. 2023) मा हुनेछ ।
सुनसरी -ईटहरी -(Sub-Metro, Khukuri Hotel, Khadbari) २०७९ माघ २७ गते (10th Feb. 2023) मा हुनेछ ।
धनुषा -(Janakpur Sub-Metro,Shivam Trading Center) २०७९ माघ २७/२८ गते (10/11th Feb. 2023) मा हुनेछ ।
काठमाण्डौ - ( Manpower Head Office ) २०७९ माघ २९ गते (12th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## राजश्री से.ए.क्रे.को.सो.लि., प्रधान कार्यालय मलंगवा, सर्लाहीको

गैर बैंकिङ्ग (सकार) सम्पत्ति बिक्री गरिने

## शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०७९/१०/१९**

यस संस्थाको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको स्वामित्वमा रहेको तपशिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री हुने भएकोले लिन चाहने व्यक्ति/संस्थाले आफूले दिने मूल्य समेत खुलाई निम्न शर्तहरुको अधिनमा रही मिति :- २०७९/११/०४ गते सम्ममा यस संस्थाको प्रधान कार्यालय मलंगवा सर्लाहीमा आईपुग्नेगरी शिलबन्दी बोलपत्र दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | हालको जग्गाधनीको नाम | पूर्व जग्गाधनीको नाम | जग्गाको विवरण | जग्गाको न्युनतम मूल्य |
|---|---|---|---|---|
| १ | **राजश्री से.ए.क्रे.को.सो.लि. मलंगवा, सर्लाही** | राम बाबु साह | जि.सर्लाही ईश्वरपुर वार्ड नं. ६ कि.नं. ९८, क्षेत्रफल ०.०१३७.२० | ११,३०,०००।- अक्षरेपि रु. एघार लाख तिस हजार मात्र । |

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र (शिल टेण्डर) फारम रु.२५०/- मा यसै संस्थाको प्र.का. मलंगवा, सर्लाहीबाट प्राप्त गर्न सकिने छ ।
२. रीत नपुगेको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
३. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृत गर्ने अधिकार यस संस्थाको संचालक समितिमा सुरक्षित रहने छ ।
४. आफुले दिन चाहेको मूल्य अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ ।
५. संघ संस्थाको हकमा संस्थाको छाप अख्तियारनामा र निज अख्तियारवाला कर्मचारीको दस्तखत अनिवार्य हुनु पर्दछ ।
६. शिल टेण्डर र खाममा लाहा छाप समेत लगाई दिनु पर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ दिन भित्र दाखिला गरि जग्गा नामसारी गराई सक्नु पर्नेछ ।
८. टेण्डर साथ आफुले दिन चाहेको मूल्यको न्यूनतम १० प्रतिशत रकम यसै संस्थाको नाउँमा रहेको एन.आई.सी. एसिया बैंक मलंगवा शाखाको खाता नं.४२२०२४०२००५२४००१ मा दाखिला गरि सोको सक्कल बैंक भौचर रसीद टेण्डर साथ राखेको हुनु पर्नेछ ।
९. टेण्डर मिति :- **२०७९/११/०४** गते दिनको १० बजे देखि १२ बजे सम्म शिलबन्दी टेण्डर दर्ता गरिने र दिनको २ बजे यस संस्थाको प्रधान कार्यालय मलंगवा, सर्लाहीमा टेण्डर दाता र निजको साथै विभिन्न कार्यालयहरुको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।
१०. टेण्डर दर्ता अथवा खोलिने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन हुनेछ ।
११. अन्य जानकारी चाहेमा यसै संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र आई बुझ्न सकिने छ ।

## Badimalika Municipality
## Office of the Municipal Executive
Martadi-Bajura

### INVITATION FOR BIDS

**IFB No.: BMO/WORK/BAJURA/NCB//03079-080**
***Date of Publication: 2079/10/19***

**Method of Procurement: NCB, Eligibility Procedure**

Badimalika Municipality Office invites Bids from all eligible Nepalese National Bidders for **Second Floor Building Construction Of Choyakot Secondary School, Badimalika Municipality Ward 3, Rajali, Bajura** under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information at Badimalika Municipality Office WEBSITE www.badimalika.gov.np or may visit PPMO WEBSITE www.bolpatra.gov.np

# प्रभाव दैनिक

बिहीबार, १९ माघ २०७९ (Thursday, February 2, 2023)





## अभिनेत्री जेविकाले गरिन् इन्गेजमेन्ट

अभिनेत्री तथा मोडल जेविका कार्कीले फिल्मका निर्माण नियन्त्रक मनोज जोशीसँग इन्गेजमेन्ट गरेकी छन् । उनले बुधबार पेप्सीकोलास्थित आफ्नै घरमा आफन्त र नजिकका साथीभाइको उपस्थितिमा इन्गेजमेन्ट गरेकी हुन् । ४ वर्षदेखिको प्रेम सम्बन्ध उनीहरूले विवाहमा परिणत गर्न लागेका हुन् । आगामी फागुन ४ गते विवाह र ७ गते रिसेप्सन पार्टीको आयोजना गरिएको बताइको छ । जेविकाले फिल्म हिजोआजका कुरा, जयश्री दाम, कारखाना, पर्व र जन्मभूमिजस्ता फिल्ममा पनि अभिनय गरेकी छन् । फिल्मसँगै उनी म्युजिक भिडियोको पनि चलेकी मोडल हुन् ।



# लक्की फिल्मी अवार्डको तयारी




■ प्रभाव संवाददाता

**काठमाडौं–** लक्की मिडिया हाउसले आयोजना गर्न लागेको ' लक्की फिल्मी अवार्ड २०८०' को तयारी सुरु भएको छ । फिल्म उद्योगको प्रर्वद्धन, प्रोत्साहन, कलाकारलाई हौसला प्रदान गर्न आयोजना गरिएको अवार्ड वितरण कार्यक्रमको तयारी स्वरूप आयोजकले प्रचारप्रसारको काम थालेका छन् । यहीक्रममा फिल्मी अवार्डको प्रचार सामाग्री 'स्टिकर' सार्वजनिक भएको छ । लक्की मिडिया हाउसको मुख्य कार्यालय भरतपुरमा प्रचार सामाग्री सार्वजनिक गरिएको हो । बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका बरिष्ठ सर्जन डा. गंगा सापकोटा, फरेष्ट टेक्निसियनस् एसोसियसन अफ नेपालका अध्यक्ष गोविन्दराज पाण्डे, लक्की मिडिया हाउसका महाप्रबन्धक हरि कार्की 'लक्की', कार्यक्रम संयोजक राजेश शर्मा आचार्यले संयुक्त रूपमा सार्वजनिक गरेका हुन् । फिल्मी अवार्डका लागि तयार भएको स्टिकरलाई देशव्यापी रूपमा टासिने जनाइएको छ ।

अवार्ड प्रचारका लागि छिटै टिसर्ट, फ्लेक्स ब्यानर, अवार्डको अडियो जिंगल पनि छिटै सार्वजनिक गर्ने तयारी रहेको महाप्रबन्धक कार्कीले बताए । उनका अनुसार फिल्मी अवार्ड प्रचारका लागि मोफसुल टुर पनि केही दिनमा सुरु गरिने उनले बताए । नेपालका मुख्य शहरमा फिल्मी अवार्ड बारे जानकारी गराउँदै जाने योजना रहेको बताए । लक्की मिडिया हाउसले रेड कार्पेट प्रिमियर शो, प्रिमियर शो, विशेष शो, च्यारीटी शो, एकल साँझ, विभिन्न सांगीतिक कार्यक्रमहरू, सम्मान कार्यक्रम गर्दै सिने क्षेत्रको प्रवर्द्धनका लागि काम गर्दै आइरहेको छ । मिडिया हाउस अन्तर्गत चितवन खबर अर्ध साप्ताहिक र ईचितवन खबर डट कम समेत सञ्चालनमा छन् ।

# बेलायतमा साताव्यापी फिल्म महोत्सवको तयारी

■ प्रभाव संवाददाता

**लन्डन–** बेलायतमा साताव्यापी नेपाली फिल्म महोत्सवको आयोजना गरिने भएको छ । पहिलोपटक आयोजना गरिन लागेको उक्त महोत्सवमा नेपालका दुई दर्जन बढी राष्ट्रिय कलाकारहरूको जमघट हुने भएको छ ।

महोत्सवका लागि नेपालबाट लोकप्रिय कलाकारहरू नीर शाह, भुवन केसी, करिष्मा मानन्धर, स्वस्तिमा खड्का, आँचल शर्मा, रिमा विश्वकर्मा, विल्सनविक्रम राई, अनुपविक्रम शाही, पुष्प खड्का, अनु शाह, कृष्टिना गुरुङ, दिनेश डिसी, मिलन चाम्स, दिपासा बिसी, यश कुमार, विक्रम जोशी, कविता मानन्धर, विन्दु परियार, सन्तोष सेन, राज कटुवाल लगायत दुई दर्जन कलाकार आउने निश्चित भएको थर्ड आइ टिमका संयोजक विकास देवकोटाले जानकारी दिए ।

आइतबार एक पत्रकार सम्मेलनको आयोजना गरि आगामी फेब्रुअरी तेश्रो साताको लागि कार्यक्रमको आयोजना गरिएको आयोजक थर्ड आइले जनाएको छ । सो महोत्सवमा लन्डनको मुख्य केन्द्रमा रहेको लेष्टर स्क्वायरमा नेपाली चलचित्र प्रदर्शनी गरिने छ।

प्रकाश फिल्म प्रदर्शनसहित प्रिन्स चार्ल्स थिएटरमा महोत्सवको उद्धाटन १८ फेब्रुअरीमा हुने आयोजक समूहका तर्फबाट ओजेश सिंहले जानकारी दिए । दोश्रो दिन साउथ इष्ट लन्डनको वुलवीचमा फिल्म कैदीको पत्र, तेश्रो दिन स्कटल्याण्डमा चलचित्र झिंगे दाउ, चौंथो दिन नटिङहममा चलचित्र जीवन कांडा कि फूल, २४ फेब्रुअरीमा स्पेशल स्क्रिनिङका रूपमा अल्डरसटमा प्रेम गीत ३ देखाइने सिंहले बताए ।

२५ फेब्रुअरी सांझ अल्डरसटस्थित एम्पायर हलमा नेपालबाट आएका कलाकारहरूको साथमा बेलायतस्थित कलाकारहरूको विशेष 'परफर्मेन्स' सहित महोत्सव समापन गरिनेछ । नेपाली फिल्मलाई अन्तरराष्ट्रिय जगतमा चिनाउन यस महोत्सवले थप सहयोग पुग्ने आयोजकको विश्वास छ ।


**Thalara Rural Municipality**
**Office of Rural Municipal Executive**
**Kholi, Bajhang**
**Sudurpashchim Province, Nepal**

**Request for Expression Of Interst**

**Name of Employer: Thalara Rural Municipality**

**Date: 02-02-2023 00:00**

**Name of Project: Conducting health promotion programs for mothers to reduce malnutrition, Thalara, Bajhang.**

1. Government of Nepal (GON) has allocated fund toward the cost of Conducting health promotion programs for mothers to reduce malnutrition, Thalara, Bajhang. and intend to apply portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.
2. The Thalara Rural Municipality now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: Conducting various activities regarding health promotion programs for mothers to reduce malnutrition in Thalara Rural Municipality, Bajhang.
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Thalara Rural Municipality, Thalara Rural Municipality Thalara Bajhang Sudoor Pachism Province Nepal during office hours on or before 16-02-2023 12:00 or visit e-GP system www.bolpatra.gov.np/egp or visit the client's website www.thalaramun.gov.np
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp Office of Thalara Rural Municipality, Kholi, Bajhang on or before 16-02-2023 12:00
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on Qualification 30.0%, Experience 50.0%, and Capacity 20.0 % of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is 70.

Siddaraj Pandit
Chief Adminiatrative Officer


## रंगशाला

# पदक विजेता खेलाडीलाई समस्या

■ प्रभाव संवाददाता

**कञ्चनपुर–** चौधौं दक्षिण एशियाली खेलकुद प्रतियोगिता (साग) मा स्वर्ण पदक विजेता कञ्चनपुरकी सङ्गीता धामी जागिरका लागि दौडधुपमा छन् । राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरमा खेलकुदमा प्रतिभावान् खेलाडीका रूपमा परिचय बनाएपछि उनको मुलुकभित्रै जागिर खाएर घरव्यवहार चलाउने सपना भने अझै पूरा हुनसकेको छैन ।

केही समयअघि म्यादी प्रहरीमा भर्ना भएकी सङ्गीता अहिले पनि जागिरकै खोजीमा छिन् । कञ्चनपुरका कुस्ती प्रशिक्षक राजेन्द्र चन्द राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरमा पदक विजेता यहाँका अधिकांश सिनियर खेलाडी जागिरको आसमा रहेको बताउँछन् । 'सङ्गीताजस्तै सबै खेलाडी जागिरकै खोजीमा हिँडेका छन् ।' उनी भन्छन्, 'डिप्लोमा कोर्स गरेका खेलाडी पनि खेलकुद क्षेत्रमै जागिर खुल्ला र प्रतिस्पर्धा गरौंला भनेर बसेका छन् ।'

खेलकुदमा मेहनत गरेर मुलुकको नाउँसमेत चर्चामा ल्याउने खेलाडीको भविष्य भने अन्धकारजस्तै रहेको सिनियर खेलाडीको गुनासो छ । आठौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा स्वर्ण पदक विजेता खेलाडी लक्ष्मी खत्रीले भारतको पटियालामा डिप्लोमा कोर्स गरेको तीन वर्ष भइसक्यो । 'खेलकुद क्षेत्रमा डिप्लोमा कोर्स गरेपछि जागिरका लागि योग्य होइन्छ भन्थे ।' उनी भन्छन्, 'विज्ञापन खुल्ला र दिउँला भन्दै बसेपनि अहिलेसम्म केही सुरसार देखिँदैन् ।' खेलाडीले आफ्नो भविष्यका लागि भौतारिन पर्ने बाध्यता रहेसम्म मुलुकमा खेलकुदको विकास हुन नसक्ने लक्ष्मी बताउँछिन् ।

